अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।१५ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सर्लाही, धनकौल गाउँपालिकाका वडा नं. ६ स्थित कृषि बाटो निर्माण कार्यमा आ.व. २०८०/०८१ को प्राविधिक इष्टिमेट बमोजिम काम नगरी मिलेमतो गरी रकम अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा धनकौल गाउँपालिका वडा नं. ६ को कृषि बाटो निर्माण योजनामा मिलेमतो गरी तोकिएको शर्त सम्झौता विपरीत फिल्डमा भएको वास्तविक कार्य भन्दा बढी काम भएको गरेको नापी किताब, कार्य सम्पन्न प्रतिवेदनमा देखाई, गलत प्रतिवेदनसमेत दिई झुट्टा बिल भरपाई बनाई रु.७,७९,२०५।- बढी रकम भुक्तानी लिई/दिई रकम हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न देहायका व्यक्तिहरु उपर देहाय बमोजिमको कसुरमा सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

देहाय:

सि.नं	नामथर, पद र कार्यालय	बिगो रु.	कसुर तथा सजायको मागदाबी
१.	धनकौल गाउँपालिकाका **प्रशासकीय अधिकृत कृष्ण मोहन प्रसाद साह, इन्जिनियर उपेन्द्र प्रसाद साह, सहायक पाचौ मोहम्मद रफिक र सब-इन्जिनियर शशिरन्जन कुमार सिंह**	रु.७,७९,२०५।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुन एवं गलत प्रतिवेदन तयार एवं स्वीकृत गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ।
२.	**धनकौल गाउँपालिकाका लेखापाल अभय कुमार साह**	रु.७,७९,२०५।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१)बमोजिम कैद र जरिवाना गरी बिगो असूलउपर हुन मागदाबी लिइएको छ।
३.	उपभोक्ता समितिका **अध्यक्ष वोपेन्द्र राय, सचिव इनरजित साह कानू र कोषाध्यक्ष सुरतीया कुमारी**	रु.७,७९,२०५।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिइएको छ।

४.	वडा नं. ६ का **वडा अध्यक्ष श्याम बाबु साह**	-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल